मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार ८ गते आइतबार ❑ 22 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## 'योगलाई जीवन जिउने कलाका रूपमा बुझ्न जरुरी '

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले योगले जीवनशैली सरल, सहज र सन्तुलित बनाउने भएकाले यसलाई जीवन जिउने कलाका रूपमा बुझ्न जरुरी रहेको बताउनुभएको छ।

अन्तरराष्ट्रिय योग दिवसको अवसरमा भारतीय राजदुतावासद्वारा आज पोखरामा आयोजित एक दिवसीय योग कार्यक्रममा उहाँले हामीले योगलाई शारीरिक व्यायामको रूपमा मात्र नभएर जीवन जिउने कलाका रूपमा बुझ्न जरुरी रहेको धारणा राख्नुभयो । "योग भनेको शरीर, मन र आत्माको सन्तुलन हो", उहाँले भन्नुभयो, "जसले हामीलाई सशक्त, सचेत र नैतिकवान बनाउँछ।" जीवनलाई सरल, सहज र सन्तुलित बनाउन



योग अपरिहार्य रहेको मुख्यमन्त्री पाण्डेको भनाइ छ।

गण्डकी प्रदेश सरकारले योगलाई प्राथमिकतामा राखेर गत वर्ष गण्डकी स्वजागरण अभियान सञ्चालन गरेको बताउँदै उहाँले प्राकृतिक रूपमा सुन्दर, धार्मिक रूपमा ऐतिहासिक र सांस्कृतिक विविधता भएको गण्डकी प्रदेश योग अभ्यासका लागि वातावरणीय दृष्टिकोणले अत्यन्त उपयुक्त क्षेत्र भएको उल्लेख गर्नुभयो।

योगलाई समुदायस्तरसम्म पुर्याउन, विद्यालय तहबाट योग शिक्षा र अभ्यास जरुरी रहेको बताउँदै उहाँले यसका लागि प्रदेश सरकारले स्थानीय तह, विभिन्न सङ्घसंस्था र सरोकार भएका निकायसँग समन्वय गर्दै आएकाले यसलाई निरन्तरता दिने जानकारी दिनुभयो । योगले हरेक नागरिकलाई स्वस्थ, शान्त, सुन्तुलित जीवनयापनमा मद्दत पुर्याउने उहाँको भनाइ छ।

नेपालका लागि भारतीय राजदूत नविन श्रीवास्तवले नेपाल र भारतबीचको युगौंदेखिको सम्बन्धलाई यस किसिमका कार्यक्रमले थप मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरामा योग संस्कृतिको विकासका लागि महानगरस्तरीय योग केन्द्र स्थापना गरिएको बताउनुभयो।

पोखरा महानगर क्षेत्रमा क्रियाशील योग केन्द्रहरूमा आवश्यक सामग्रीको उपलब्धतामा महानगरले सहयोग गरिरहेको उल्लेख गर्दै उहाँले योग सबैका लागि अपरिहार्य भएको धारणा राख्नुभयो । उक्त अवसरमा विभिन्न उच्चपदस्थ अधिकारी, समाजिक अभियन्ता, सञ्चारकर्मी लगायतको सहभागिता थियो।

## स्याङ्जालाई गण्डकी प्रदेशले २६ करोड दिने

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ असार

गण्डकी प्रदेश सरकारले स्याङ्जाका ११ स्थानीय तहलाई २६ करोड बढि रकम दिने भएको छ। आर्थिक वर्ष २०८२/०८३ को बजेट मार्फत अन्तरसरकारी वित्तीय हस्तान्तरण अर्न्तगत प्रदेश सरकारले जिल्लालाई २६ करोड १२ लाख ४७ लाख दिने भएको हो।

जिल्लाका ११ पालिका मध्ये ५ नगरपालिकाले विभिन्न शिर्षकमा १३ करोड ९३ लाख ९६ हजार अनुदान पाउँदा ६ गाउँपालिकाले १२ करोड १८ लाख ५१ हजार पाउने भएका हुन् । गण्डकी प्रदेश सरकारको वित्तीय हस्तान्तरणमा नगरपालिका तर्फ चापाकोट र गाउँपालिका तर्फ सबै भन्दा बढि अनुदान पाउनेमा कालीगण्डकी रहेका छन् । गण्डकी प्रदेशले दिने अनुदानमा नगपालिका मध्ये चापाकोटले ३ करोड ७ लाख १३ हजार पाउँदा वालिङले ३ करोड ३ लाख ३४ हजार पाउने छ। पुतलीबजारले २ करोड ८५ लाख ६१ हजार पाउँदा गल्याङ्ले २ करोड ६७ लाख ९४ हजार र भीरकोटले २ करोड २९ लाख ९४ हजार अनुदान पाउने भएका छन्।

त्यसैगरी गाउँपालिका मध्ये कालिगण्डकीले २ करोड १९ लाख ८८ हजार पाउँदा बिरुवाले २ करोड ८ लाख ७० हजार पाउने छ, भने हरिनाशले २ करोड २ लाख १९ हजार पाउने भएका छन् । आँधीखोलाले २ करोड १ लाख ३४ हजार पाउँदा अर्जुनचौपारीले १ करोड ९७ लाख ८९ हजार पाउने छ, भने फेदीखोलाले १ करोक ८८ लाख ५१ हजार अनुदान पाउने भएका हुन् । अनुदान रकम धेरैथोरै जति पाएपनि कार्यसम्पादनका आधारमा जिल्लाका ११ स्थानीय पालिका मध्ये नगरपालिका तर्फ बढि अनुदान वालिङले ६ लाख ३० हजार पाउँदा कम चापाकोटले पाउने छ भने गाउँपालिका तर्फ कालिगण्डकीले ६ लाख ६८ हजार पाउँदा कम अनुदान पाउनेमा हरिनाशले ४ लाख ६३ हजार पाउने भएको प्रदेश सरकारको वित्तीय हस्तान्तरणमा उल्लेख छ । कार्यसम्पादनमा बढि र कम रकम पाउने पालिकाको तुलनात्मक रुपमा वित्तीय अवस्था राम्रो र सामान्य मानिने जानकार बताउँछन्।

वित्तीय हस्तान्तरण तर्फ समानीकरण (न्यूनतम, सुत्र र कार्यम्पादन), सशर्त, विशेष र समपुरक शिर्षकमा पालिकाहरुले संघीय र प्रदेश सरकारबाट अनुदान पाउने गरेका छन्।

## ८२ तोला अवैध सुन सहित दुई जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

पोखरामा ८२ तोला अवैध सुन सहित दुई जना पक्राउ परेका छन् । यही असार ६ गते पोखराबाट बुटवल तर्फ जादै गरेको माइक्रोबसलाई पोखरा २२ पुम्दी भुम्दीमा खानतलसी गर्दा ८२ तोला अवैध सुन सहित दुई जना पक्राउ गरिएको कास्की प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा भारत पंजावका ४९ बर्षीय कुलदीप सिंह र रुपन्देही तिलोत्तमा नगरपलिका १६ पुर्वबहिया नगरपालिका वडानम्बर १६ घर भएका ४७ बर्षीय रामबहादुर विक रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले शनिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रम मार्फत जनकारी गराएको हो । प्रहरीले बरामद गरगहना र पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय, बुटवल पठाएको जिल्ला प्रहरी कार्यालय



कास्कीका प्रमुख (एसपी) श्यामबाबु ओलियाले बताउनु भयो। साना-ठूला सुनका ढिक्का २ तोला २३ लाल, सिक्री २ ९ थान (१० तोला ३१ लाल), दानावाला माला १ थान (२ तोला ९४ लाल), हिरा तथा पथ्थर जडित औंठी ५७ थान (१० तोला ५४ लाल), कानमा लगाउने जुली १ सय ६२ जोर (२७ तोला ६३ लाल), मंगलसुत्र , ७ थान (५ तोला) लकेट ९९ थान (१३ तोला १२ लाल), पोते (कालो र रातो माला सहित) १९ थान (९ तोला ३९ लाल) र झुम्काका टुक्रा १ तोला सुनका गरगहन उहाँहरुको साथबाट बरामद गरिएको उहाँले जनाउनु भयो । बरामद भएका सुनका ९ प्रकारका गरगहना र सुनको डल्ला रहेको प्रहरीले उल्लेख गरेको छ । भारतको अमृतसरस्थित अमरजित साहु नामक व्यक्तिको सुन पसलबाट गरगहना ल्याउने र विभिन्न भारतीय राज्यहरूमा विक्री गर्दै आएका सिंहले नेपालमा पनि बिक्री गर्ने योजना सहित पोखरा आएको हुन सक्ने प्रहरीले प्रारम्भिक अनुसन्धानबाट जनाएको छ। विशेष सुराकीका आधारमा प्रहरीले सुनका गरगहना सहित दुई जनालाई पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानबाट कुलदिप सिंह ३ बर्ष पहिले देखी नै राम बहादुर बि. क. सँग फेसबुक मार्फत साथी भएको एसपी ओलियाले बताउनु भयो। उहाँहरु दुबै जना सुनको गरगहना सम्बन्धी काम गर्दै आउनु भएको थियो।

कुलदिप पछिल्लो समयमा भारतको जुपि, गोरखपुर, बिहार, उडिसा दिल्ली, हरियाणा लगायतको स्थानमा सुनका गरगहना बेच्दै हिड्ने गरेकोमा नेपालमा पनि बेच्ने योजना बनाएको प्रहरीले जनाएको छ। कुलदिप सिंह राम बहादुर वि.क.लाई लिएर गत असार ४ गते बुधबार नै पोखरा आई सुन बिक्री गर्न खोजेको प्रहरीले उल्लेख गरेको छ।

## ब्रिटिसगोर्खा सैनिकको इतिहास गर्व गर्न लायक छ: सभापति देउवा

**रासस**
काठमाडौं, ७ असार

पूर्वप्रधानमन्त्री एवम् नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले ब्रिटिसगोर्खा सैनिकको इतिहास गर्व गर्न लायक भएको बताउनुभएको छ।

ब्रिटिसगोर्खा नागरिक निरन्तरता अभियान समितिद्वारा शनिबार ललितपुरमा आयोजित वरिष्ठ अधिवक्ता डा चन्द्रकान्त ज्ञावालीद्वारा लिखित सुगौली सन्धि र नेपालमा नागरिकताः ब्रिटिसगोर्खा वंशजको नागरिकता निरन्तरता पुस्तक विमोचन कार्यक्रममा उहाँले ब्रिटिसगोर्खा सैनिकको साहस, मेहनत, प्रतिबद्धता र अनुशासनको विश्वभर प्रशंसा हुने गरेको बताउनुभयो । "गोर्खा सैनिकले प्रथम तथा दोस्रो विश्वयुद्धमा बहादुरीका साथ लडाइँ लडी बेलायत सरकारलाई ठूलो सहयोग पुर्याएका थिए, आज पनि नेपाली ब्रिटिस सेनामा सेवा गरिरहेका छन्, आज नेपाल र बेलायतबीचको एउटा महत्वपूर्ण सम्बन्धको रूपमा गोर्खा फौज स्थापित भएको छ।" सभापति देउवाले भन्नुभयो । उहाँले ब्रिटिसगोर्खा सैनिकले समान पेन्सनलगायत आफ्ना अधिकारका विषयमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गुणस्तरीय शिक्षाका लागि सामुहिक प्रयासको खाँचो

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न शिक्षक, अभिभावक र विद्यार्थीको सामुहिक प्रयास आवश्यक पर्नेमा यहाँ आयोजित एक कार्यक्रमका बक्ताहरुले जोड दिएका छन्।

पोखरा महानगर शिक्षा महाशाखाद्धारा सञ्चालित सिर्जनात्मक वहुदेश्यीय सामुदायिक सिकाई केन्द्रद्धारा जानकी माविमा आयोजित अभिभावक शिक्षा प्रशिक्षण कार्यक्रममा वक्ताहरुले अभिभावकलाई कर्तव्य बोध




गर्दै शिक्षकलाई थप जिम्मेवार बनाउनु पर्नेमा जोड दिएका हुन।

शिक्षा महाशाखाका बरिष्ठ अधिकृत कृष्णप्रसाद भण्डारीले कार्यक्रमको उद्घाटन गर्दै विद्यार्थीको पहिलो पाठशाला घर भएको बताउँदै पठनपाठनमा अभिरुची अभिवृद्धिका लागि सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । सिर्जनात्मक वहुदेश्यीय सामुदायिक सिकाई केन्द्र पोखरा १७ का सचिव गिता बास्तोलाका अनुसार केन्द्रले यसअघि गृहणी महिलाका लागि कौशिखेती र मोतीमाला बनाउने तालिम सम्पन्न गरेको जानकारी दिनुभयो । दिपेन्द्र ढकालले प्रशिक्षण प्रदान गर्नुभएको कार्यक्रममा एकसय जना अभिभावकको सहभागिता रहेको थियो। केन्द्रका अध्यक्ष कृष्णप्रसाद भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र गुरुङ, प्रधानाध्यापक अर्जुन कडेल, शिक्षक अभिभावक संघका अध्यक्ष विक्रमबाबु भण्डारी, शिक्षक तुलसी गिरी लगायतले कार्यक्रमको महत्व माथि चर्चा गर्नुभएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ब्रिटिस क्याम्पमा जेपी क्रसको १०० वर्ष जन्मोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

ब्रिटिसका नेपाली नागरिक लेफ्टनेन्ट कर्णल जे.पी. क्रसले शनिबारदेखि १ सय वर्ष पार गरेका छन् । उनले शताब्दी पार गरेका क्रसको जन्मोत्सव पोखरामा भव्य रुपमा मनाइएको छ ।

ब्रिगेड अफ गोर्खाको इतिहासमा सबैभन्दा प्रसिद्ध ब्रिटिश अधिकारीहरूमध्ये एक जेपी क्रसको जन्मोत्सव पोखरास्थित ब्रिटिश गोर्खाज नेपाल क्याम्पमा भव्य समारोह गरी मनाइएको हो । कार्यक्रमा बेलायती राजदूत रब फेन, भुतपूर्व ब्रिटिश गोर्खाहरू र सेवारत अधिकारी तथा कर्मचारीहरू उपस्थित रहेको थियो ।

ब्रिटिश गोर्खाज नेपालका कमाण्डर कर्णल ड्यान रेक्स एम भी ओले यस महत्वपूर्ण कार्यक्रम पोखरास्थित क्याम्पमा मात्र सिमित नभएर बाहिर सम्पूर्ण ब्रिगेड अफ गोर्खाज र




ब्रिटिश सेनामा पनि प्रतिध्वनित भएको स्मरण गराए । 'जे.पी. साहेबसँगको सम्बन्धमा गर्व गर्ने धेरै नेपालीहरूले पनि यो क्षण नजिकबाट हेरिरहेको र आफुलाई यस अवसरसँग सम्बन्धित गराइरहेका छन्,' उनले भने ।

उनी अहिले आफ्नो धर्मपुत्र र परिवारसँग पोखरामा जीवन बिताइरहेका छन् । उनको वास्तविक नाम जन फिलिप क्रस ओ बी ई हो । उनी नेपालमा बस्न थालेदेखि सबैले जे.पी. क्रस भनेर चिन्छन् । करिब ४० वर्षसम्म ब्रिटिश गोर्खामा सेवा गरेका उनी सेवाबाट अवकाशपछि विगत ४९ वर्षदेखि नेपालमा बस्दै आएका छन् । केही वर्ष अघिदेखि क्रस नेपाली नागरिकको रूपमा छन् । अहिले आफूलाई 'बेलायतमा जन्मेका नेपाली' भन्न रुचाउने क्रस ८० वर्षअघि २१ वर्षको उमेरमा ब्रिटिश सेनाका साथ पहिलो पटक नेपाल आएको स्मरण गर्छन् ।

उनले आफ्नो जीवनभरको सैन्य सेवा र ज्ञानबारे १९ वटा पुस्तक लेखेका छन् । साथै, उनले आफ्ना टिप्पणी तथा संस्मरणहरूमा सधैं गोर्खाहरूलाई उच्च सम्मानमा राख्छन् । नेपाल, यहाँका मानिस र गोर्खालीहरूप्रति उनको लगावले नेपाल र गोर्खा समुदायमा उनको नामलाई स्थायी बनाएको छ । उनको कृतिहरूमा व्यक्त गरिएको ज्ञानले सैन्य संसारमा राम्रो पहिचान कमाएको छ । गोर्खा सैनिक र लेखकको रूपमा आफ्नो विशिष्ट उपलब्धी बाहेक उनी जंगलयुद्ध र प्रति-विद्रोहका विशेषज्ञका रूपमा चिनिन्छन् । जसले प्रहरी अधिकारी, रक्षा सहचारी र गोर्खा भर्ती अधिकारीको रूपमा अनुभव प्राप्त गरेका छन् । उनी एक उच्च दक्ष भाषाविद् पनि हुन्, जो नेपाली र यसका विभिन्न भाषामा धाराप्रवाह छन् । उनले सैन्यकालमा बर्मा, इन्डो-चाइना, मलाया, बोर्नियो, पाकिस्तान, भारत, हङकङ, र नेपाल लगायत अन्य क्षेत्रहरूमा सेवा गरेका छन् । सोही कारण पनि उनको १०० औं जन्मोत्सव खास रहेको थियो ।

# कास्की काँग्रेसको प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

नेपाली काँग्रेस प्रशिक्षण शाखा कास्कीले शनिवार प्रशिक्षण कार्यक्रम गरेको छ ।

पोखरा चिप्लेढुङ्गा स्थित पार्टी कार्यालयमा आयोजित वर्तमान राजनीति अवस्था र नेपाली काँग्रेसको भूमिका विषयक प्रशिक्षण कार्यक्रममा एक सय बढी अगुवा नेताको सहभागिता रहेको थियो । जिल्ला, क्षेत्र, प्रदेश र पालिकाका पदाधिकारीहरुलाई लक्षित गरी कार्यक्रम गरिएको कास्की काँग्रेसका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । कार्यक्रममा डा.




यमनाथ तिमिल्सिना र प्रेम प्रसाद शर्माले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा बोल्दै नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीलाई मजबुद र शशक्त बनाउन नेता तथा कार्यकर्ताका लागि समयानुकुल प्रशिक्षण आवश्यक पर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रम नेपाली काँग्रेस कास्कीका उपसभापति एवं प्रशिक्षण शाखाका संयोजक युवराज कुँवरको अध्यक्षतामा भएको कार्यक्रम शाखाका सदस्य पशुपति शर्मा भट्टराईले संचालन गर्नुभएको थियो ।

# जनप्रियमा एमबिए र एमबिएस प्रथम सेमेस्टरलाई स्वागत तथा ओरियन्टेसन कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

पोखराको जनप्रिय मल्पिटल क्याप्समा स्नातकोत्तर तह प्रथम सत्रका नव आगन्तुक विद्यार्थीहरूलाई स्वागत कार्यक्रम सम्पन्न भएको छ ।

शुक्रबार सम्पन्न भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष विरेन्द्र विजुक्छेको प्रमुख आतिथ्यता र क्याम्पस प्रमुख कृष्णबाबु लम्सालको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रमको भएको थियो ।

कार्यक्रममा बोल्दै उनले आज भन्दा ३३ वर्ष पहिला स्थापना गरेको कलेजले यति विशाल रुप लिन्छ भनेर न सोचेको र शिक्षक तथा विद्यार्थीको मिहेनलते साचैनै जनतामा प्रिय जनप्रिय बनेको बताए । उनले स्नातकोत्तर तहमा पुग्नु सामान्य कुरा नभएको र अब विद्यार्थीले अझ बढी मिहेन्त गर्नु पर्ने कुरामा जोड दिए । उनले मास्टर्स लेभलका विद्याथीको सिंगो मुलुककै पुजी भएकोले अझ गम्भीर हुनुपर्ने बताए । उनले साथीहरुमाथि पनि नेतृव्त विकास गर्न र विश्वास जित्न समेत प्रेरित गर्नुका साथै सिर्जनात्मक एवं अनुसन्धानाम्मक हुन प्रेरित समेत गरे । उनले विद्यार्थीहरुलाई आफ्नो शिक्षाको भरपुर प्रयोग गर्न अनुरोध गर्दै स्वदेशमा नै श्रम र उद्यमशिलतामा लागानी गर्न र अनुरोध गरे ।

कार्यक्रममा बोल्दै एम बि ए का पूर्व कोडिनेटर नेत्रप्रसाद सुवेदीले विद्यार्थीहरूको उज्वल भविष्यको कामनाका साथ सिर्जनशील, गतिशील र अनुशासित बन्न आग्रह गर्नु गरे । उनले डिग्री मात्रको लागि नभई आफुले प्राप्त गरेको ज्ञानलाई व्यवहार उतार्नु महत्वपुर्ण भएको बताए । उनले मास्टर्स पढने विद्याथीमा अनुसन्धान र गहन ज्ञान प्राप्त गर्न आवश्यक रहेको बताए । उनले हस्पीटालीटी मेनेजमेन्टमा ठुलो संम्भावना रहेको र व्यवसायीकता, विज्ञता र अनुसन्धानको आवश्यकता रहेको बताए । उनले मानिसमा पोजेटिभ मनोवृत्ति, ज्ञान र शीप अत्यन्त जरुरी भएको बताए । जनप्रिय बहुमुखि क्याम्पसले आफ्नै पहलमा पाठ्यक्रम तयार गरी स्वायत्त कार्यक्रमअन्तर्गत एमविए इन हस्पिट्यालिटी म्यानेजमेन्ट र स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापन (बिएमटिएम) को शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ । कार्यक्रममा बोल्दै कलेजका प्रमुख कृष्णबाबु लम्सालले स्नाकोत्तरका विद्यार्थीले




अब आफ्नो अभिभावक प्रति अभिभावकिय कर्तवय पुरा गर्न अनुरोध गर्दै प्रत्यक विद्यार्थीले आफ्नो लक्ष्य तह गरी त्यसमै गतिशिल ढंगले लाग्नु पर्ने बताए । उनले पहिला लक्ष्य तोकेपछि आफ्नो क्षमता विकास गर्ने र आफ्नो क्षमतामा दृण विश्वास गर्नुपर्ने र लक्ष्य सम्म पुग्दा धेरै वाधा अर्चन, अप्ठ् यारो परिस्तीथीलाई समाधान गर्न क्षमतालाई समाधान लक्ष्यतर्फ अगाडी बढ्न सक्ने हुनु पर्ने सन्देश दिए । उनले विद्यार्थीलाई सकारात्मक हुनु पर्ने सन्देश दिनुका साथै क्याम्पसले विद्याथीलाई गर्नु सहयोग तथा विद्यार्थीको क्षमता विकास गर्न को लागि हरदम तयार रहेको वचन व्यक्त गरे ।

विद्यार्थीको तर्फबाट बोल्दै अनु खड्काले जनप्रिय मल्टिपल क्याम्पस पोखरामा मात्रै नभइ देशमै उत्कृष्ट क्याम्पस भएको बताए । उनले देशभरिका एक हजार ९६ सामुदायिक क्याम्पसमध्ये २०७२ र २०७३ मा शिक्षा मन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार प्राप्त , २०८१ मा गण्डकी प्रदेशको सर्वोकृष्ट सामुदायिक क्याम्पसका रूपमा पुरस्कृत र दुई पटक गुणमापन तथा प्रत्यायनको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा सर्वोकृष्ट ठहरिएको क्याम्पसमा अध्ययन गर्ने अवसर पाँउदा गौरवान्वित महसुस भएको बताइन । उनी २०७३ सालमा प्लस टु देखि सोही क्याम्पसमा अध्ययनरत छिन् । कार्यक्रममा एम वि ए एवं व्याचलर्स इन माउण्टेन टुरिजमका कोर्डिनेटर विद्यालक्ष्मी चालिसेले स्नातकोत्तर कोर्षको बारेमा अभिमुखीकरण गरेकी थिइन । कार्यक्रममा विशेष वक्ता डा. श्रीकान्त खतिवडाले विद्यार्थीले पहिला आफुलाई विश्वस गर्नु पर्ने बताए । उनले पास हुनु मात्रै ठुलो कुरा नभई पाठ्याक्रमले दिएको जिम्मेवारी पुरा गर्न ठुलो कुरा भएको औंल्याए । तेकिएको पठ्यक्रमको विषयवस्तुलाई राम्रो सँग मनन गर्ने र व्यवहारमा लैजाने विद्याथीको कर्तव्य रहेको बताए र विद्यार्थीलाई सहयोग गर्न आफु सधै तयार रहेको साथै कलेजले उपलब्ध गराएका स्रोतका भरपुर प्रयोग गर्न अनुरोध गरे । उनले विद्यार्थीको प्रत्योक गतिविधि कलेजको भविष्यसँग जोडिएकाले सबै पारिवारीक रुपमा बाधिएर लक्ष्य पुरा गर्नु पर्ने जोड दिए । कार्यक्रमका सञ्चालन दिपेन्द्र पहारीले गरेका थिए ।

# दूधपोखरीकुण्डमा जलसतह घट्दै गएकामा स्थानीयको चिन्ता

**रासस**
गण्डकी, ७ असार

लमजुङको मर्स्याङ्दी गाउँपालिकास्थित धार्मिक महत्त्वको पर्यटकीय तीर्थस्थल दूधपोखरीकुण्डमा जलसतह घट्दै गएपछि स्थानीय चिन्तित भएका छन् । विगतमा भरिभराउ रहने दूधपोखरीकुण्ड पछिल्लो समय जलसतह घट्दै गएपछि यहाँको सौन्दर्यमा चुनौती थपिएको सरोकार भएकाहरूले बताएका हुन् ।

पथप्रदर्शक गङ्गा घलेले जलसतह घट्दै जाँदा यहाँको सौन्दर्यमा चुनौती बढाएको भन्दै यहाँको धार्मिक पर्यटनमा यसले नकारात्मक असर पार्ने देखिएको बताउनुभयो । पर्यटकीय गन्तव्य दूधपोखरीमा स्नान गरेमा पुण्य प्राप्त हुने जनविश्वासका कारण टाढाटाढाबाट दर्शनार्थी पुग्ने गरेका उहाँको भनाइ छ ।

समुद्री सतहबाट चार हजार ६०० मिटर उचाइमा रहेको यो तीर्थस्थललाई देवादिदेव महादेवको बासस्थानका रूपमा लिने गरिन्छ । प्रत्येक वर्षको जनैपूर्णिमामा विशेष मेला लाग्ने यो कुण्डको जलसतह पछिल्ला वर्षमा घट्दै गएको घलेले जानकारी दिनुभयो । "जनैपूर्णिमाको दिन कुण्डमा गरिने स्नानको विशेष महत्त्व छ, उक्त दिन यहाँ पितृलाई दिइने तर्पणले



पितृमोक्ष हुने विश्वास छ", उहाँले भन्नुभयो । विसं २०४४ देखि हालसम्म २३औँ पटकसम्म दूधपोखरीकुण्डमा पुगेको अनुभव सुनाउँदै घलेले हालको अवस्था हेर्दा करिब ५० प्रतिशतको हाराहारीमा जलसतह घटेको बताउनुभयो । "सुरुमा यहाँ पुग्दा देखेको जलसतह अहिले ५० प्रतिशतले घटेको छ", उहाँले भन्नुभयो, "कुण्डको उत्तरतर्फबाट हिउँपहिरोका कारण कुण्ड पुरिने जोखिम छभने बर्सेनि तापमान वृद्धिको असर कुण्डमा परिरहेको देखिन्छ ।" तापमान वृद्धिका कारण कुण्ड वरपरका हिमालमा हिउँ पर्ने क्रम घट्दै जानु, कुण्डको पिँधबाट पानी बगिरहनुलगायत कारणले जलसतह घट्दै गएको पथप्रदर्शक घलेले बताउनुभयो ।

लमजुङगोरखा, तनहुँ, कास्की, चितवन, काठमाडौँलगायत देशका विभिन्न स्थानबाट यस कुण्डमा स्नान गर्न धार्मिक भक्तजन आउँछन् । कास्कीको सिक्लेस, ताङतिङ, लमजुङको घलेगाउँ, घनपोखरालगायत स्थानबाट तीन दिनसम्म पदयात्राका माध्यमबाट यस कुण्डमा दर्शनार्थी पुग्ने गरेका पथप्रदर्शक घलेले उल्लेख गर्नुभयो । यस कुण्डमा स्नान गर्ने व्यक्तिलाई भारतको काशी जान नपर्ने जनविश्वासले रहिआएको उहाँको भनाइ छ ।

मनास्लु र हिमालचुली हिमालको काखमा रहेको यो धार्मिक स्थललाई पदयात्रा पर्यटनसँग जोड्ने लक्ष्यका साथ गुरुङ सम्पदा पदमार्गमा समेट्दै प्रवर्द्धन र विकासका काम अघि बढाइएको गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं गुरुङ सम्पदा पदमार्गका संयोजक बोबरजङ्ग गुरुङले बताउनुभयो ।

उच्च हिमाली क्षेत्रका साथै मानव बस्तीबाट टाढा रहेको यस तीर्थस्थल पुग्ने प्राचीन भैँडीगोठ, नून बोक्न जाने प्राचीन मार्गलाई सम्पदा पदमार्गका रूपमा अघि बढाउँदै पदयात्रा पर्यटन प्रवर्द्धनमा जोड दिइएको उहाँले उल्लेख गर्नुभयो । सङ्घको आयोजनामा पहिलो चरणमा कास्कीको ताङतिङबाट दूधपोखरी हुँदै मनाङको तिमाङसम्म अन्वेषणात्मक पदयात्रा गरिएको थियो । त्यस्तै दोस्रो चरणमा कास्कीको सिक्लेस हुँदै कफुचे हिमताल, कोरी, क्होलासौँथर, कपुँडाँडा हुँदै याङ्जाकोटसम्म खोज तथा प्रवर्द्धनात्मक पदयात्रा गरिएको थियो । तेस्रो चरणअन्तर्गत हालै लमजुङको सिङ्दी, पसगाउँ, भुजुङ, घनपोखराबाट दूधपोखरी हुँदै सिउरुङसम्मको खोज तथा प्रवर्द्धनात्मक पदयात्रा सम्पन्न गरिसकिएको सङ्घका अध्यक्ष किसमकुमारी गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार सन् २०२६ देखि यस गुरुङ सम्पदा पदमार्गलाई सञ्चालनमा ल्याउने तयारी भइरहेको छ । धार्मिक एवं पर्यटकीय महत्त्व रहेको दूधपोखरीकुण्डको जलसतह घट्दै गएकामा सम्बद्ध निकायले समयमा समस्या पहिचान गरी समाधान खोज्नुपर्ने जरुरी रहेको पथप्रदर्शक विकास गुरुङले बताउनुभयो । "दूधपोखरीकुण्डको महत्त्वलाई जीवन्त राख्न, यसको संरक्षण र प्रवर्द्धन गर्नु जरुरी छ", उहाँले भन्नुभयो, "यस तीर्थस्थलको धार्मिक पर्यटकीय महत्त्वलाई प्रचारप्रसार गर्दै कुण्डको संरक्षणसहित यहाँ पुग्ने पदमार्गको अत्यावश्यकीय पूर्वाधार विकास गर्नु जरुरी छ ।"

# ब्रिटिसगोर्खा..

आवाज उठाउँदै आएका बताउँदै उहाँले ब्रिटिसगोर्खा सैनिकलाई बेलायती सैनिक सरह सुविधा दिनुपर्छ भन्ने नेपाल सरकारको धारणा बेलायतका अधिकारीहरुसँग आफूले राखेको जानकारी गराउनुभयो । "म ब्रिटिसगोर्खाहरुले त्यहाँका अरु सैनिक सरहनै सेवा तथा सुविधा पाउनुपर्छ भन्नेमा स्पष्ट छु, ब्रिटिस गोर्खा सैनिकहरुले उनीहरुको नेपाली नागरिकताको निरन्तरताको माग उठाइरहनु भएको छ, यस विषयमा राजनीतिक दलहरुले छलफल गरेर निष्कर्षमा पुग्नुपर्छ भन्ने मेरो मान्यता छ ", सभापति देउवाले भन्नुभयो । पूर्वप्रधानमन्त्री एवम् नेपाल समाजवादी पार्टी नयाँ शक्तिका अध्यक्ष डा बाबुराम भट्टराईले विश्वको परिस्थितिअनुसार नेपालको नागरिकता दिने व्यवस्थालाई उचित व्यवस्थापन गरिनुपर्नेमा जोड दिनुभयो ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाल नेपालमा बाबुको नामबाट मात्रै नभएर बच्चाले चाहेअनुसार बाबुआमाको नामबाट नागरिकता लिन सक्ने व्यवस्था भएको बताउनुभयो । पुस्तकका लेखक ज्ञवालीले ब्रिटिसगोर्खामा भर्ना भई त्यस देशको मानार्थ नागरिक भएका आधारमा नेपालको वंशजको नागरिकताबाट उनीहरूलाई वञ्चित गरिन हुँदैन भन्नुभयो ।

# भारतको उत्तराखण्डमा बन्धक बनाइएका ३५ नेपालीको उद्धार

**रासस**
काठमाडौं, ७ असार

भारतको उत्तराखण्डको काशिपुरमा आकर्षक जागिरको प्रलोभनमा नेपालका विभिन्न जिल्लाबाट बोलाइ बन्दी बनाइका ३५ युवाको उद्धार गरिएको छ ।

बन्दी बनाएर कुटपिट र यातना दिइ विभिन्न शीर्षकमा रकम असुलेको जानकारी आएपछि परराष्ट्र मन्त्रालयको निर्देशनबमोजिम उद्धार गरिएको नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ । उनीहरुलाई राजदूतावासले उत्तराखण्ड प्रहरी र 'किन इण्डिया' नामक सामाजिक संस्थाको सहयोगमा यही असार ५ गते उद्धार गरेको हो ।

उक्त घटनासँग सम्बन्धित केही व्यक्तिलाई उत्तराखण्ड प्रहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको र उत्तराखण्डको अन्य स्थानमा बन्दी बनाइएका, थप नेपाली युवाको खोजी र उद्धार जारी रहेको दूतावासले जनाएको छ । साथै उद्धार गरिएकाहरुलाई कानुनी प्रक्रिया सम्पन्न गरी नेपाल पठाइने जनाइएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लियेरोई

## सम्पादकीय

# रास्वपा स्थापनाको तेस्रो वर्ष

प्रतिनिधिसभाको चौथो दल स्वतन्त्र पार्टी (रास्वपा)ले शनिबार तेस्रो पार्टी स्थापना दिवस मनाएको छ । रास्वपाले विभिन्न कार्यक्रम गरी देशभर पार्टी स्थापना दिवस मनाएको छ । स्थापना दिवसका अवसरमा रास्वपाले शनिबार बिहान माइतीघरमा 'सडक र संवाद' भेला आयोजना गरेको थियो । पार्टी सभापति रवि लामिछाने जेलमा रहेका कारण रिहाइका लागि हस्ताक्षर अभियान थालेको छ ।

राजनीतिक प्रतिशोधविरुद्ध हस्ताक्षर अभियान समेत सुरु गरिएको रास्वपाले जनाएको छ । पार्टीका कार्यवाहक सभापति डोलप्रसाद अर्यालले मतदाता, शुभेच्छुक सदस्य तथा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीप्रति आभार प्रकट गरेका छन । समृद्ध र न्यायपूर्ण समाज निर्माणमा पार्टी निरन्तर अघि बढने प्रतिबद्धता रास्वपाको छ ।

तीन वर्षअघि पार्टी स्थापना घोषणा हुँदा रास्वपाको ऊर्जा अर्कै थियो । देशभरिबाट काठमाडौंमा आएका कार्यकर्ता र शुभेच्छुकहरू नयाँ यात्राका लागि तयार थिए । पार्टी गठनको पाँच महिनाभित्रै रास्वपा संघीय संसद्को चौथो ठूलो दल (माओवादी केन्द्र बराबर) बन्यो । घण्टीले अप्रत्यासित मत पाउनुलाई रविको लोकप्रियता भनेर मात्र विश्लेषण गर्नु चाहिँ अपुरो हुन्छ । किनकि बीबीसीकै जागिर छोडेका रविन्द्र मिश्र, माओवादी त्यागेका डा.बाबुराम भट्टराईहरू लोकप्रियताको तुलनामा चुनावमा मत नपाएका उदाहरण हुन् । बरू रास्वपाले अप्रत्यासित मत पाउनुलाई तत्कालीन राजनीतिक परिस्थितिकै जगमा विश्लेषण गर्नु बढी वैज्ञानिक हुन्छ । जुन तथ्य-परिस्थिति रास्वपाकै चुनावी घोषणापत्रमा पनि भेट्न सकिन्छ ।

तीन वर्षपछिको ऊर्जा उस्तै छैन, यद्यपि रास्वपा हरेक हप्ता राष्ट्रिय राजनीतिमा केही न केही मुद्दा भने उठाउन खोजिरहेको देखिन्छ । विवादका शृंखला, अलमल र द्विविधाकै बीच रास्वपाले तय गर्दै गरेको राजनीति अझै पनि आम चर्चाको विषय भने बनिरहेकै छ । रास्वपाले पहिलो र दोस्रो वार्षिकोत्सव धुमधामले मनायो । यसपल्ट जावलाखेलस्थित स्टाफ कलेजमा नीति मन्थन गरेर (७ असारमा) तेस्रो वार्षिकोत्सव मनाउने आन्तरिक तयारी गरेको थियो । तर, त्यसलाई परिमार्जित गर्दै भिजिट भिसा प्रकरणलाई मुद्दा बनाएर देशव्यापी अभियान सञ्चालन गरेर मनाउने पार्टीको सचिवालय बैठकले निर्णय अनुसार सडक देखि सुनसम्मको प्रदर्शन गरेको छ । केही न केही नयाँ प्रयोग गर्ने रास्वपा जनताका आवाज सदनमा बुलन्द बनाउन चुनेको छ ।

संसदीय प्रणालीमा विश्वास गर्ने दलको सभापति र दलको नेता जेलमा हुँदा अर्को नेता नचुनी उनकै निर्देशन अनुसार चल्नु नीति विहिन हो । जे गर्छु भनेर आवाज उठाएको थियो त्यो नगरी अर्कै गर्नु जनतालाई धोका हो । चाडै उदाउने चाँडै थाक्छ भन्ने रास्वपाको ब्यबहारले देखाउँछ । जनभावनालाई नबुझेर स्टन्ट गर्न छोडेर उद्देश्य अनुसार चल्न सकेमा वैकल्पिक शक्ति बन्नेछ ।

# नेपालभर ११औँ अन्तरराष्ट्रिय योग दिवस मनाइयो

रासस
काठमाडौं, ७ असार

अन्तरराष्ट्रिय योग दिवसको ११औँ संस्करण नेपालका १० सहर र नगरपालिकामा विविध कार्यक्रम गरी मनाइएको छ ।

काठमाडौँस्थित भारतीय राजदूतावास र वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासको संयोजनमा काठमाडौँ, पोखरा, लमजुङ, लुम्बिनी, जनकपुर, चितवन, वीरगञ्ज, हेटौँडा, रौतहट र बरियारपुरलगायत सहर र नगरपालिकामा आज विभिन्न कार्यक्रम गरी दिवस मनाइएको हो ।

यस वर्षको 'एक पृथ्वी, एक स्वास्थ्यको लागि योग' भन्ने नाराका साथ विषयवस्तु अनुरुप अन्तरराष्ट्रिय योगदिवस ७५ दिन अगावै भारतीय राजदूतावासले गत चैत २५ गते पशुपतिनाथ मन्दिरमा योग प्रदर्शनसहितको शुभारम्भ कार्यक्रमको आयोजना गरेको थियो । भारतीय सेनाका पूर्वसैनिकहरूको सक्रिय सहभागितामा अन्तरराष्ट्रिय योगदिवसका सन्दर्भ पारी भारतीय राजदूतावासले गत वैशाख १९ गते काठमाडौँस्थित इसिएचएस पोलिक्लिनिकमा योगसत्र सञ्चालन गरेको थियो । त्यस्तै गत जेठ १३ गते काठमाडौँको नेपाली सेना मुख्यालय मैदानमा योगसत्र आयोजना गरिएको थियो । जसमा नेपाली सेनाका कर्मचारीको सहभागिता थियो । राजदूतावासले काठमाडौँ उपत्यकाका छ वटा युनेस्को विश्व सम्पदास्थल क्रमशः पशुपतिनाथ मन्दिर (विसं २०८१ चैत्र २५), काठमाडौँ दरबार स्क्वायर (विसं २०८२ जेठ २३), बौद्धनाथ स्तुपा र स्वयम्भूनाथ स्तुपा (विसं २०८२ जेठ २६), चाँगुनारायण मन्दिर (विसं २०८२ जेठ २७) र पाटन दरबार स्क्वायर (विसं २०८२ जेठ ३१) मा योग आसन प्रदर्शन आयोजना गरेको थियो । मध्यनेपाल नगरपालिकासँगको सहकार्यमा रमणीय लमजुङमा यही असार ५ गते योग प्रदर्शन आयोजना गरिएको थियो । त्यस्तै राजदूतावासले पोखराको तीन प्रमुख स्थलमा अन्नपूर्ण हिमशृंखलाको मनोरम दृश्यहरूका लागि प्रसिद्ध सराङकोट भ्यू पोइन्ट, पुम्दीकोटस्थित शिव मन्दिर जहाँ आध्यात्मिक शान्तिसँगै मनोरम दृश्य देख्न पाइन्छ र रमणीय अनदु डाँडामा अवस्थित सुन्दर शान्ति स्तूपमा योग प्रदर्शन सञ्चालन गरेको थियो । योगको उत्सवलाई निरन्तरता दिँदै राजदूतावासले असार ६ गते पोखराको फेवातालको शान्त किनारमा एक बृहत स्तरको योग र ध्यानसत्रको आयोजना गरेको थियो । असार ६ गते राजदूतावासले लुम्बिनीस्थित लुम्बिनी विकास कोषमा एक बृहत्स्तरको योग प्रदर्शन आयोजना गरेको थियो । सन् २०२५ मा नेपालमा राजदूतावासले आयोजना गरेको अन्तरराष्ट्रिय योगदिवस समारोहको मुख्य आकर्षण पोखरा महानगरपालिकासँगको सहकार्यमा आज असार ७ गते पोखराको रङ्गशालामा आयोजित भव्य योग प्रदर्शन थियो । उक्त कार्यक्रममा सो क्षेत्रभरिका करिब सात हजारभन्दा बढी योग अभ्यासकर्ताको उत्साहजनक सहभागिता रहेको दूतावासले जनाएको छ । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, भारतीय राजदूत नवीन श्रीवास्तवलगायत विशिष्ट व्यक्ति सहभागी हुनुभएको थियो ।

त्यस्तै भारतीय महावाणिज्य दूतावासले जनकपुर, चितवन, वीरगञ्ज, हेटौँडा, रौतहट र बरियारपुरमा अन्तरराष्ट्रिय योग दिवस कार्यक्रम सम्पन्न गरेको छ ।

# डेढ दशकभन्दा अगाडिदेखिका आयोजना अधुरै : गाउँभर खानेपानी समस्या

पोखरापत्र संवाददाता
बागलुङ, ७ असार



बागलुङको बडिगाड गाउँपालिका-३ सिसाखानीमा खानेपानी आयोजना सुरू भएको साढे एक दशक बित्यो । तर अहिलेसम्म उक्त आयोजना सम्पन्न हुन सकेको छैन ।

गाउँमा 'एक घर, एक धारा' बनाउने गरी सुरू भएको आयोजना अलपत्र हुँदा स्थानीय निराश छन् । स्थानीयको खानेपानी समस्या समाधानका लागि विसं २०६७ मा ओखरगैँडा खानेपानी आयोजना सुरू भएको थियो । योजनाको दुई किलोमिटर टाढा घिनसिङ खोलाबाट मौरीभिर सम्मो भन्ने ठाउँमा लिफ्टमार्फत ओखरबोट किम्लेमा पानी तानेर वितरण गरिने योजना थियो । तर त्यो योजना १५ वर्ष पुग्दासम्म पनि अधुरै छ । स्थानीयले दैनिक खानेपानीका लागि लाइनमा बस्नु पर्ने बाध्यता छ । सरकारले अपर्याप्त बजेट विनियोजन गर्दा कामा ढिलासुस्ती भएको हो ।

विसं २०७२ मा सङ्घीयता आएपछि उक्त खानेपानी योजना सशर्त कार्यक्रमअन्तर्गत नेपाल सरकारबाट प्रदेश सरकारको जिम्मेवारीमा आएको छ । प्रदेश सरकारले उक्त आयोजनालाई पुनः डिजाइन गरेर काम गर्दै आएको छ । पहिले निर्माण भएको रिजर्भ ट्याङ्की र सार्वजनिक धारा अहिले काम नलाग्ने भएका छन् । यहाँको झण्डै १०० घरधुरीको घर घरमा धारा निर्माण भएका छन् ।

घरमा धारा भए पनि पर्याप्त पानी नआउँदा स्थानीयले सास्ती खेप्नुपरेको छ । सिसाखानीको बाघखोरमा रिजर्भ ट्याङ्की निर्माण भएपछि मात्रै सहज रूपमा पानी वितरण गर्न सकिने ओखरगैँडा खानेपानी आयोजनाका अध्यक्ष दिलबहादुर पुनले बताउनुभयो । एउटा ४५ हजार लिटर र अर्को २० हजार लिटरको ट्याङ्की निर्माण गरेपछि मात्र खानेपानी समस्या समाधान हुने उहाँको भनाइ छ ।

अध्यक्ष पुनले भन्नुभयो, "यहाँ खानेपानी आयोजना सुरू भएको धेरै भयो तर अहिलेसम्म सम्पन्न नहुँदा हामीहरूले खानेपानीको सक बेहोर्नुपरेको छ, आयोजनाका लागि वर्षमा कहिले पाँच लाख, अहिले १० लाख बजेट आउँछ, त्यो बजेटले अपुरो काम हुन्छ, बजेट अभावका कारण अहिलेसम्म यो खानेपानी आयोजना सम्पन्न हुन सकेन, राज्यको ध्यान नगएको महसुस भएको छ ।" करिब ६० लाख बजेट आए मात्रै आयोजना सम्पन्न हुने अध्यक्ष पुन बताउनुहुन्छ । ट्याङ्कीसँगै वडा कार्यालय, विद्यालयलगायत स्थानमा सार्वजनिक धारा र केही घरमा निजी धारा निर्माणको काम पनि बाँकी रहेको पुन बताउनुहुन्छ ।

वर्षौंदेखिको आयोजना पूरा नहुँदा अहिले पनि नागरिक पानी बोकेर उपभोग गर्नुपरेको स्थानीय किशोर काउचा घर्तीले बताउनुभयो । अहिले बस्तीभन्दा झण्डै एक किलोमिटर तल रहेको रिजर्भ ट्याङ्कीबाट ओखरबोटमा रहेको २० हजार लिटरको ट्याङ्कीमा झारेर अस्थायी रूपमा पानी वितरण गरिएको छ । बिहान दुई घण्टा र साँझ दुई घण्टा पानी तानेर वितरण भइरहेको उहाँको भनाइ छ । खानेपानी पर्याप्त नहुँदा सरसफाइ गर्न, बस्तुभाउलाई खुवाउन र सागसब्जीखेती गर्न समस्या भएको घर्ती बताउनुहुन्छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी सागर अधिकारीले अहिले अस्थायी रूपमा यहाँका स्थानीयलाई पानी खुवाउने व्यवस्था मिलाएको बताउनुभयो । आगामी वर्ष अर्को ट्याङ्की निर्माण गरेपछि हरेक घरमा पानी पुऱ्याउने उहाँको भनाइ छ । अपर्याप्त बजेटका कारण धेरै योजना सम्पन्न गर्न नसकिएको अधिकारीले सुनाउनुभयो ।

# सहयोग र श्रमदान जुटाएर खेलमैदान निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ७ असार



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारमा स्थानीयवासीले थप रु १६ लाख सहयोग र श्रमदान जुटाएर खेलमैदान निर्माण गरेका छन् ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु तीन लाख बजेट विनियोजन गरेको पाउद्वार माविको स्टेज र खेलमैदान ढलान योजना सहयोग र श्रमदान जुटाएर सम्पन्न गरेका हुन् । उपभोक्ता समितिका सचिव हरिप्रसाद तिलिजाले पुरानो स्टेजलाई पुनर्निर्माण गर्नुका साथै खेलमैदान ढलान, बास्केटबलको फाइबर बोर्ड जडान, प्रवेशद्वार मर्मत सकिएको र प्यारापिट प्लास्टरको तयारी भएको जानकारी दिनुभयो ।

"रु तीन लाख बजेटले योजना अधुरो हुने भएपछि बेलायत, हङकङलगायत देशमा रहेका पाउद्वारवासीलाई सहयोगको अनुरोध गरेका थियौँ", उहाँले भन्नुभयो, "विदेशमा रहेका पूर्वविद्यार्थीले आफूले पढेको विद्यालय र जन्मथलो सम्झिएर मन खोलेर सहयोग तथा गाउँमा भएकाले श्रमदान गरेपछि खेलमैदान बनाउन पनि सफल भएका हौं ।" सङ्डाइस मिटर लम्बाइ र १२ मिटर चौडाइ भएको बास्केटबल र भलिबल खेल सञ्चालन गर्न सकिने खेलमैदान ढलान गरेर पक्की बनाउनुका साथै बास्केटबलको फाइबर बोर्ड राखिएको छ । पाउद्वारको तीन वटा टोलका १३५ घरपरिवारले एक/एक दिनका दरले श्रमदान गरेका थिए । खेलमैदानको कुनातर्फ रहेको ३० मिटर लामो प्यारापिट पलास्टर गर्न सिमेन्ट र बालुवा ढुवानी गरिएको छ । गाउँपालिकाबाहेक रु १६ लाख सहयोग जुटेको सचिव तिलिजाले बताउनुभयो । पाउद्वार मावि परिसरको स्टेजमा विद्यालयको भवन नभएको अवस्थामा ४० वर्षअघि खरीले पाटीमा लेखेर पढाउने गरिएको थियो ।

स्टेज र खेलमैदान निर्माण भएपछि औपचारिक कार्यक्रम सञ्चालनका साथै खेलअभ्यास गर्न सहज भएको पाउद्वार माविका प्रअ हेमन्त तिलिजा पुनले बताउनुभयो । ३५ वर्षअघि म्याग्दी जिल्लामै पहिलोपटक ढलान गरिएको पाउद्वार माविको खेलमैदान पछिल्लो समय जीर्ण बनेको थियो । उक्त खेलमैदानमा पाउद्वारका प्रौढ, बालबालिका र किशोर किशोरीहरू हरेक साँझ समूह बनाएर भलिबल र बास्केटबल खेल अभ्यास गर्छन् ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ अम्मरे तहरा देखि पधेंराघर हुँदै सहर जाने बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : अम्मरे तहरा देखि पधेंराघर हुँदै सहर जाने बाटो निर्माण
उपभोक्ता समितिको नाम : अम्मरे तहरा देखि पधेंराघर हुँदै सहर जाने बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८१/१०/१४ गते
योजना सुरु मिति : २०८१/१०/१५ गते
योजना सम्पन्न भएको मिति : २०८२/०२/२८ गते
महानगरपालिकाबाट प्राप्त : ५,००,०००/-
जनसहभागिता : ७१,०००/-
योजनाको कुल लागत : ५,७१,०००/-

कृष्ण बहादुर रानाभाट
अध्यक्ष
अम्मरे तहरा देखि पधेंराघर हुँदै सहर जाने बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ अम्बोट तोरीको पोल पिपलबोट हुँदै वडा नं. वरबुट सम्मको बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : अम्बोट तोरीको पोल पिपलबोट हुँदै वडा नं. वरबुट सम्मको बाटो निर्माण
उपभोक्ता समितिको नाम : अम्बोट तोरीको पोल पिपलबोट हुँदै वडा नं. वरबुट सम्मको बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८१/११/०८ गते
योजना सुरु मिति : २०८१/११/०९ गते
योजना सम्पन्न भएको मिति : २०८२/०२/२५ गते
महानगरपालिकाबाट प्राप्त : १५,००,०००/-
जनसहभागिता : ७१,०००/-
योजनाको कुल लागत : १५,७१,०००/-

हर्क बहादुर रानाभाट
अध्यक्ष
अम्बोट तोरीको पोल पिपलबोट हुँदै वडा नं. वरबुट सम्मको बाटो निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की


# मनाङमा मनाइयो अन्तरराष्ट्रिय योग दिवस

पोखरापत्र संवाददाता
मुस्ताङ, ७ असार

अन्तराष्ट्रिय योग दिवसको अवसरमा मुस्ताङमा विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

घरपझोङ गाउँपालिका कार्यालयको आयोजनामा सिङ्गो पृथ्वी, समग्र स्वास्थ्यका लागि योग भन्ने नाराका साथ जोमसोमस्थित गाउँपालिका कार्यालय परिसरमा योगाभ्याससहित विभिन्न कार्यक्रम गरी मनाइएको हो । घरपझोङ गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, जिल्लास्थित विभिन्न कार्यालयका कर्मचारी, सुरक्षा निकाय, युवा क्लव, आमा समूह र स्थानीय नागरिकको उपस्थितीमा दिवस मनाइएको घरपझोङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बेदहरी अधिकारीले जानकारी दिनुभयो ।

पतञ्जली योगपीठ गण्डकी प्रदेशका अध्यक्ष नरेन्द्रमान लालचनले सहभागीहरूलाई एक घण्टा ध्यान साधनासहितको योग अभ्यास प्रशिक्षण दिनुभएको थियो । योगपीठ गण्डकीका अध्यक्ष लालचनले मानिसको शारीरिक, मानसिक र स्वस्थ्यकर जीवनयापनका लागि योग अभ्यास अपरिहार्य रहेको बताउनुभयो । "योग अभ्यास पूर्वीय संस्कार र संस्कृति हो, यो ऋषिमुनीहरूले आर्जेको योग हो", उहाँले भन्नुभयो, "यो शारीरिक स्फूर्ती र स्वस्थ जीवनयापनका लागि योग आवश्यक छ ।" गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले स्वस्थ जीवनका लागि योग अभ्यास आवश्यक रहेको बताउनुभयो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : मानसिक तनाव |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# पूर्वाधार विकासका लागि तनहुँमा करोडौँका योजना

**रासस**
दमौली, ७ असार

गण्डकी प्रदेश सरकारमार्फत आगामी आर्थिक वर्ष २०८२/८३ मा पूर्वाधार निर्माणतर्फ करोडौँका योजना सञ्चालन हुने भएका छन् । प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय तनहुँमार्फत सडक, पक्की पुललगायतमा करोडौँ बजेट विनियोजन गरेको हो ।

प्रदेश सरकारले सङ्घ सरकारको समानीकरण र प्रदेश सरकारमार्फत विभिन्न योजनामा बजेट विनियोजन गरेर योजना छनोट गरेको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख रवीन्द्र तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार केही योजना क्रमागत सञ्चालन भइरहेका छन्भने केही नयाँ योजना सञ्चालन हुनेछन् ।

राजापान मोटरमार्ग स्तरोन्नति व्यास-९ का लागि रु ५० लाख, सुवर्ण मोटरमार्ग व्यास-१० का लागि रु ५० लाख, कान्छे मोटरमार्ग स्तरोन्नति ऋषिङ-७ का लागि रु ५० लाख, थुम्कीडाँडा सालडाँडा स्याङ्जा जोड्ने सडक स्तरोन्नतिका लागि रु ५० लाख, छबिसे बेलौते राहुलडाँडा सिमलभञ्ज्याङ जोड्ने मोटरमार्ग स्तरोन्नतिका लागि रु ५० लाख, दुलेगौडा बाडखोला मोटरमार्ग स्तरोन्नतिका लागि रु ५० लाख, चन्द्रकोट झारगाउँ हुँदै धरमपानी सडक स्तरोन्नति बन्दीपुर ५ र ६ का लागि रु एक करोड विनियोजन भएको छ ।

त्यस्तै पिप्ले जुमडाँडा सडक स्तरोन्नति बन्दीपुर-४ का लागि रु ५० लाख, अमर शान्ति मोटरमार्ग फिर्दीदेखि मलागिरि मान्द्रे हुँदै पाखाडी कटहरेका लागि रु एक करोड, किहुँ मार्गका लागि रु ५० लाख, बेल्टार सानो खोलाबाट कृष्ण मन्दिर हुँदै ढकाल बस्ती जाने बाटो स्तरोन्नतिका लागि रु ५० लाख, पाउदीदेखि दुधेकुना मार्ग स्तरोन्नतिका लागि रु ५० लाख, अर्चलधारा लौडारीभञ्ज्याङ थानीको थान मोटरमार्ग स्तरोन्नतिका लागि रु तीन करोड, चितीखोला सुकेधारा मोटरमार्ग निर्माण तथा स्तरोन्नतिका लागि रु ५० लाख, राइपुर बाराही मोटरमार्ग स्तरोन्नतिका लागि रु ५० लाख, ज्ञानमार्ग कटहरेदेखि बाराहखोला मोटरमार्ग स्तरोन्नतिका लागि रु ५० लाख, देउराली क्याङ्दी मोटरमार्ग स्तरोन्नतिका लागि रु एक करोड, सिन्धुस खोला पुलका लागि रु ५० लाख विनियोजन भएको छ ।

त्यस्तै अठाइस बाहुन्दीमार्ग स्तरोन्नतिका लागि रु ५० लाख, सानोभञ्ज्याङदेखि सिम्लेक कोबैती सडक स्तरोन्नतिका लागि रु ५० लाख, सिरानटोल ठाडोमार्ग स्तरोन्नतिका लागि रु ५० लाख, महन्ते भोटीखोला सिम्ले ढकालगाउँ जाने बाटो स्तरोन्नतिका लागि रु ५० लाख, थानसिंह कृषक सडक स्तरोन्नतिका लागि रु ५० लाख, बिरुवा ढाडोला बाङ्गेरह मोटरमार्गका लागि रु ५० लाख, सेती नदी पुल क्याम्पसचोक स्तरोन्नतिका लागि रु ५० लाख, लालध्वजमार्ग वडा कार्यालय हुँदै शुक्लागण्डकी-१ का लागि रु ५० लाख, जनसेवा घडेरी बाबिया डाँडामार्ग स्तरोन्नतिका लागि रु ५० लाख, भानु जन्मस्थल मार्गका लागि रु एक करोड, कालिका सहिद मार्गका लागि रु ५० लाख, दमौली केशवटार ढाडखोला सडकका लागि रु ५० लाख, छिपछिपे नरम बञ्चरे सडक निर्माणका लागि रु ५० लाख, बेलडाँडा चामकोट फालढुङ्गा मोटरमार्गका लागि रु ५० लाख विनियोजन भएको छ ।

भर्लाङ्दी सडक, ज्वालादेवी मोटरमार्ग, भीमसेनचोकदेखि झोलुङ्गेपुल सडक, लौडारीभञ्ज्याङ गहत्तेरी, कालिका क्याम्पस जाने बाटो, भुडाटारनागनगेनीचैनपुरमोटरमार्ग, लौडारीभञ्ज्याङजुगेपानीराइपाली सडक, कालीमाटी अस्पताल जाने पहुँचमार्ग, सातबिसे गैरी खोल्सा कालामाटा हुँदै खहरे डुम्रे बेसीशहर सडक, पिउरीमाटी खोला कल्भर्ट, मानेचौका खहरे राइफली भञ्ज्याङ सडकका लागि रु ५०/५० लाख विनियोजन भएको छ ।

त्यस्तै चुँदी कुमालगाउँदेखि थानीमाइ कमार्ग कालोपत्रका लागि रु एक करोड, रानीपानी कालिका मावि मोटरमार्ग, बगैचा खुदेपानी सडक स्तरोन्नतिका लागि रु ५०/५० लाख, श्रीराम मोटरमार्ग शुक्ला-३ सप्तऋषि मोटरमार्गका लागि रु ७५ लाख, रेडक्रस मार्ग, कार्की गाउँदेखि गौलीगाउँ मोटरमार्ग, फ्याउसे कटुवा चिखोलामा कल्भर्टका लागि रु ५०/५० लाख, चितीखोला भुवानेमा बेलिब्रिजका लागि रु एक करोड ५० लाख, ढोरबाराही मार्गका लागि रु एक करोड ७५ लाख, बुद्धसिंह मार्गका लागि रु एक करोड ७५ लाख, आँबु भाँगे छिम्केश्वरी सडक दोस्रो खण्डका लागि रु दुई करोड, टुहुरेपसल सिम्पानी तनहुँसुर सडक स्तरोन्नतिका लागि रु एक करोड, झापुटार काहुँ मोटरमार्ग स्तरोन्नतिका लागि रु एक करोड ५० लाख, सहिद लालध्वज मार्ग निर्माण तथा स्तरोन्नतिका लागि रु दुई करोड, भानु मार्ग चन्द्रावती पोखरीछापका लागि रु तीन करोड ५० लाख, आँबु भाँगे छिम्केश्वरी हिलेखर्क मार्गका लागि रु दुई करोड, दुलेगौडा हर्कपुर मार्गका लागि रु दुई करोड पाँच लाख ९० हजार, शालिग्राम कोरिडोर (दासढुङ्गा साधेबगर भतेरी खण्ड) का लागि रु आठ करोड बजेट विनियोजन भएको छ ।

# लेकाली च्याउ, टुसा र ढकायो उपभोक्ताको रोजाइमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ असार



लेकाली क्षेत्रमा पाइने निगालोको टुसा, च्याउ र ढकायो सहरी क्षेत्रका उपभोक्ताको रोजाइमा परेको छ ।

बर्खायाममा यहाँका गाउँमा पुग्ने पाहुनालाई टुसा, च्याउ र ढकायोको परिकार चखाउने मात्र होइन गाउँबाट सहर झर्दा लैजाने कोशेली पनि बनेको हो । बर्खा सुरु भएसँगै लेकाली क्षेत्रका बसिन्दा समूह बनाएर च्याउ, टुसा र ढकायो टिप्न जङ्गल जान थालेका छन् ।

अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारका होटल सञ्चालक हस्तमाया तिलिजा पुनले खोप्रा लेकमा पुगेर तीन बोरा ढकायो टिपेर ल्याउनुभएको छ । "होटलमा आउने पाहुनालाई चखाउन, बजारका आफन्तलाई कोशेली पठाउन ढकायोको गुन्द्रुक बनाउने, रातो च्याउ टिप्ने र टुसा भाँच्ने चलन छ," उहाँले भन्नुभयो "सहरमा अत्याधिक माग भएकाले जङ्गलमा जुकाको आक्रमण सहेर खेर गइरहेको च्याउ, टुसा र ढकायो विपन्नको लागि आम्दानीको स्रोत पनि बनेको छ ।" ताजा च्याउ प्रतिकेजी रु एक हजार १०० र ढकायोको गुन्द्रुक प्रतिकेजी रु दुई हजारमा बिक्री हुन्छ । प्रतिमुठा टुसा रु २०० का दरले बिक्री हुन्छ । गुर्जा, कुइने, मङ्गले, घ्यासीखर्क, नारच्याङ, पाउद्वार, दोवा, दाना, मुना, खिवाङ, बगर, मल्कवाङ, खोरीयाको जङ्गलमा रातो च्याउ, टुसा र ढकायो प्रशस्त मात्रामा पाइन्छ ।

टुसा, च्याउ र ढकायोको परिकार सहरबाट आउने पाहुना र आफन्तको पहिलो रोजाइमा पर्ने गरेको खोप्रा-खयर पदमार्गमा पर्ने लरेनीका होटल ब्यवसायी लिल पुनले बताउनुभयो । "लेकाली खाद्य बनस्पती च्याउ, टुसा र ढकायोको माय यति छ की जङ्गलबाट ल्याउना साथ खोसाखोस हुन्छ," उहाँले भन्नुभयो "जाँगर र अक्कल भएकाले जङ्गली च्याउ, टुसा र ढकायो बेचेर आम्दानी पनि गरेका छन् ।" रोजगारी, पेशा, व्यवसाय र अध्ययनको शिलशिलामा विश्वका विभिन्न देशमा पुगेका म्याग्देली र म्याग्दी घुम्न आउने स्वदेशी तथा विदेशी पाहुनाले ढकायो कोशेलीको रूपमा लैजाने गरेका छन् । अन्नपूर्ण गाउँपालिका-३ काभ्रेकी सुकमाया बुढाथोकीले बेलायत, हङकङ, जापानलगायत देशका ढकायो पठाउने गरेको बताउनुभयो ।

विदेशमा म्याग्देलीले सञ्चालन गरेका रेष्टुरेष्टका मेन्युमा ढकायोको गुन्द्रुक परिकारका रूपमा राखिएको छ । दुई हजार ५०० देखि तीन हजार ५०० मिटर उचाइको भूगोलमा पाइने ढकायो, च्याउ र टुसा सङ्कलन गर्ने याम असार महिना हो । बजारमा माग बढेपछि टुसा, च्याउ र ढकायो साग आम्दानीको स्रोत बनेको मालिका गाउँपालिका-३ की शान्ति नेपालीले बताउनुभयो । गाउँमा सडक सुविधा भएपछि लेकको ताजा तरकारी सहजै बजारमा पुग्न थालेको उहाँले बताउनुभयो ।

# 'विद्यालय तहका पाठ्यक्रममा यौन शिक्षा आवश्यक छ'

**रासस**
काठमाडौं, ७ असार

यौन तथा प्रजनन स्वास्थ्यका विषयमा विद्यालय तहबाट शिक्षा दिन सके यसको अभावमा आउनसक्ने समस्या समयमा समाधान गर्न सकिने सरोकार भएकाहरूले बताउनुभएको छ ।

सीप सूचना समाज (सिसो), नेपाल र प्लान इन्टरनेसनल नेपालको सहकार्यमा आयोजित 'यौन तथा प्रजनन स्वास्थ्य अधिकार'सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रमका सहभागीले यौन तथा प्रजनन स्वास्थ्यबारे जनचेतना फैलाउन नसकिएको भन्दै पाठ्यक्रममा आधारित बृहत्तर यौन शिक्षाको आवश्यकता औँल्याउनुभएको हो । सिसो नेपालका कार्यकारी निर्देशक खुमानन्द सुवेदीले विद्यालय तहबाट यौन शिक्षा दिन सकिएमा यसबाट उत्पन्न हुने समस्याको निराकरण गर्न सहज हुने धारणा राख्नुभयो । उहाँले यौन तथा प्रजनन शिक्षा सबै उमेर समूहका लागि आवश्यक पर्ने उल्लेख गर्दै किशोरकिशोरी केन्द्रित योजना कार्यान्वयनले यससम्बन्धी समस्या समाधानमा सकारात्मक भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले साङ्गीतिक कार्यक्रम अनिवार्य विषय बनाइराख्दा स्वास्थ्य शिक्षा भने ऐच्छिक राखिनु मनासिब नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "यौन शिक्षा अनिवार्य बनाइनुपर्छ । कानुनले व्यवस्था गरेका अधिकारका बारेमा युवा तथा किशारकिशोरीलाई केही जानकारी छैन । स्वास्थ्य शिक्षा विषयका शिक्षकको दरबन्दी छुट्याउनुपर्छ । पाठ्यक्रममा आधारित बृहत्तर यौनिकता शिक्षा आवश्यक छ ।" यौन तथा प्रजनन स्वास्थ्य विज्ञ खेम कार्कीले यौन स्वास्थ्य सबैका लागि आवश्यक विषय भए पनि समाजमा आफ्ना समस्या खुलेर राख्न र बहस गर्न नसक्ने परिपाटी रहेको बताउनुभयो । उहाँले यसबारे सचेतना फैलाउन, यौन स्वास्थ्य शारीरिक, मानसिक र सामाजिक रूपमा आवश्यक छ भन्ने बुझाउन सरोकार भएका निकाय, सञ्चरकर्मी,सञ्चारमाध्यमलगायतको सहकार्य र समन्वयमा पैरवी गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले यौन तथा प्रजनन स्वास्थ्यका बारेमा आमनागरिकलाई बुझाउन नसक्दा कतिपय घरेलु हिंसा बढेका बताउनुभयो । "अस्वस्थ्यकर जीवनशैलीले पनि मानिसमा यौन दुर्वलताको समस्या बढाइरहेको छ । यौन तथा प्रजनन स्वास्थ्यका विषयमा सामाजिक सङ्कीर्णता तथा गलत भाष्य व्याप्त छन्, यसलाई चिर्नुपर्छ ।" प्रेस काउन्सिलका बोर्ड सदस्य पदमराज जोशीले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसमबन्धी पर्याप्त समाचार सङ्कलन हुन नसकेको बताउनुभयो । उहाँले यो संवेदनशील विषय भएकाले यसबारेमा समाचार सङ्कलन, सम्प्रषण गर्दा गोपनीयताका साथै भाषामा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । शुक्रबारदेखि सुरु अभिमुखीकरण आज सम्पन्न भएको हो । अभिमुखीकरणमा धनुषा, महोत्तरी, बाँके, बर्दिया, कालीकोट, जुम्लालगायतका सञ्चारकर्मीको सहभागिता थियो ।


**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

**मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति २०८२/०३/०५

कास्की जिल्ला साविक भलाम गा.वि.स. वडा नं. ३ मा पर्ने कित्ता नं. ३२० मा पर्ने क्षेत्रफल २-१-१-० भएको जग्गा फिल्डबुकमा श्री वीरेन्द्र प्रायमरी स्कुल भई उल्लेख भएको उक्त जग्गामा विरह मकै किसिममा दोयम भएको जग्गा स्कुलले नै संरक्षण गर्दै आएको र भोग समेत सोही स्कुलको रहेकोले उक्त जग्गाको आवश्यक कानुनी प्रक्रिया पुरा गरि श्री वीरेन्द्र आधारभुत विद्यालयको नाउँमा जग्गाधनी दर्ता प्रमाण पुर्जा (लालपुर्जा) कायम गरिदिनु हुन भनि कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २० स्थित रहेको श्री विरेन्द्र आधारभुत विद्यालयले यस कार्यालयमा माग निवेदन पेश गरेको र पोखरा म.न.पा. वडा नं. २० को च.नं. १८७७ मिति २०८१।१२।२२ को सिफारिस पत्रानुसार श्री विरेन्द्र आधारभुत विद्यालयको नाउँमा जग्गा दर्ता गरिदिनका लागि सिफारिस भए बमोजिम उक्त माथि उल्लेखित जग्गा सर्भे नापीका समयमा कास्की जिल्ला भलाम गा.वि.स. वडा नं. ३ मा पर्ने क्षेत्रफल २-१-१-० फिल्डबुकमा वीरेन्द्र प्रायमरी स्कुलको नाउँमा कायम भएको उक्त जग्गाको विद्यालयले संरक्षण, सम्वर्धन के-कसरी गर्दै आएको छ ? हाल उक्त जग्गाको भोगचलन अवस्था के छ ? निवेदक विद्यालयको माग बमोजिम छुट जग्गा दर्ता गर्दा पछिसम्म असर फरक पर्छ ? पर्दैन ? निवेदक संस्था बाहेक अरु कसैको हकदावी छ ? छैन ? साँधसँधियार कोही कसैको हकभोग, स्वामित्व, निकास, सन्धिसर्पनमा असर फरक पर्छ ? पर्दैन ? यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | भलाम | ३ | ३२० | २-१-१-० | मकै | दोयम | वीरेन्द्र प्रायमरी स्कुल |

ईति संवत २०८२ साल आसाढ ०५ गते रोज ५ शुभम् ।


# सामाजिक अध्ययन मञ्च कास्कीको प्रतिवेदन लेखन प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार

सामाजिक अध्ययन मञ्च कास्कीको आयोजनामा क्षेत्र भ्रमण तथा अवलोकनमा आधारित प्रतिवेदन लेखन प्रतियोगिता जनप्रिय बहुमुखी क्याम्पस पोखरामा सम्पन्न भएको छ ।

विद्यार्थीहरूलाई अध्ययन र अनुसन्धानमा प्रेरित गर्नको लागि गण्डकी प्रदेशको पोखरा उच्च अदालतमा क्षेत्र भ्रमण गराइयो जहाँ उनीहरूले प्रत्यक्ष रूपमा अदालती प्रक्रियाहरू, न्यायालयको संरचना र न्याय प्रणालीका विविध पक्षहरूको अवलोकन गरी महत्त्वपूर्ण जानकारीहरू सङ्कलन गरी प्रतिवेदन लेखेका थिए । मंचका अध्यक्ष गोविन्द काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको उद्घाटन समारोहको प्रमुख अतिथि जनप्रिय बहुमुखी क्याम्पसमा क्याम्पस प्रमुख कृष्णबाबु बराल रहनुभएको थियो । मंचका सचिव तिलक काफ्लेले संचालन गरेको कार्यक्रममा कार्यक्रम संयोजक नारायणी शर्मा, निवर्तमान अध्यक्ष दिनेश अर्याल लगायतले बोल्नुभएको थियो भने पोखरा उच्च अदालतमा उपरजिस्टार जिवन पौडेल लगायतले सहजिकरण गर्नुभएको थियो । कास्की जिल्लाका ९६ जना छात्रछात्राहरूको उत्साहजनक सहभागिता रहेको कार्यक्रममा मंचका सल्लाहकार, संथापक अध्यक्ष सहित उल्लेख्य संख्यामा सामाजिक विषय शिक्षकहरूको समेत सहभागिता रहेको थियो । एक हप्ताभित्र प्रतिवेदनहरूको परिक्षण गरि नतिजा प्रकाशन गरिने र लगत्तै पुरस्कार वितरण समारोहको आयोजना गरिने जानकारी मंचले दिएको छ ।

# हेमजा हिले महोत्सव स्थल क्षेत्रमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



पोखरा-२५, हेमजामा अवस्थित देवीस्थान सेवा समाजले शनिवार सरसफाइ कार्यक्रम सम्पन्न गरेको छ ।

'कृषिमा कृषकलाई प्रोत्साहन, विष्णुपादुका मन्दिर हेमजाको शान' भन्ने मूल नाराका साथ समाजको आयोजनमा यही असार १५ गते हुने पाचौं हेमजा हिले महोत्सव-२०८२ को पूर्व तयारी तालिका अनुरूप सरसफाइ कार्यक्रम गरिएको हो ।

हेमजामा अवस्थित विभिन्न टोल विकास संस्था, आमा समूह,लगायत संघ संस्था तथा स्थानीयहरूको सहभागितामा महोत्सव स्थल क्षेत्रमा पर्ने विष्णुपादुका टोल, विष्णुपादुका मन्दिर परिसरमा शनिवार सरसफाइ गरिएको हो ।

विष्णुपादुका धार्मिक क्षेत्रको प्रवर्द्धन गर्न, आन्तरिक र बाह्य पर्यटनको आगमन बढाउन, हेमजाका कृषकहरूको सम्मान र युवाहरूलाई कृषिमा प्रोत्साहनका गर्नका लागि हेमजा हिले महोत्सवलाई निरन्तरता दिएको समाजका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए ।

समाजका निवर्तमान अध्यक्ष गुरु हरिशरण पौडेलले महोत्सवले विन्दवासिनीकी बहिनीका रूपमा मानिँदै आएको विष्णुपादुका भगवतीको महिमा बढ्नुका साथै हेमजाका कृषकहरूलाई कृषिमा प्रोत्साहन बढाउने आफूहरूको विश्वास रहेको बताए ।

महोत्सवको आकर्षणमा पुरुष तथा महिला रस्साकस्सी, पुरुष तथा महिला हिले दौड, घैँटो फुटाउने , हिलोमा माछा समात्ने, धान रोप्ने, म्युजिकल बेलुन, हिले नाँच, हल गोरु दौड लगायतका प्रतियोगिता रहेको महोत्सव मुल आयोजक समितिका संयोजक चन्द्रकला पोखरेलले जानकारी दिइन । प्रतियोगितामा खेलअनुसार प्रथम र द्धितिय स्थान हासिल गर्ने सहभागी व्यक्ति र टिमलाई पुरस्कारको व्यवस्था गरेको छ । प्रतियोगितालाई सभ्य, व्यवस्थित र मर्यादित बनाउनका लागि केही खेलमा सहभागी शुल्क समेत राखेको खेल सञ्चालन उपसमिति संयोजक इन्द्र बहादुर कुँवरले जानकारी दिए । महोत्सवलाई सफल बनाउनका लागि समाजका उपाध्यक्ष चन्द्रकला पोखरेलको संयोजकत्वमा विभिन्न उपसमितिहरू गठन गरिएको छ ।

# कास्कीमा नारी परिषद् समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



वैदिक धर्म परिषद् नेपाल अन्तर्गत रहेको नारी परिषद् समिति गठन भएको छ । मिरा आचार्यको अध्यक्षतामा २१ सदस्यीय नयाँ समिति गठन गरेको हो ।

समितिको उपाध्यक्ष शुभद्रा कोइराला र जमुना सुवेदी, सचिवमा शिवकुमारी लामिछाने, सहसचिवमा प्रभा पौडेल, कोषाध्यक्षमा विजय लक्ष्मी कोइराला चयन हुनुभएको छ । समितिको सदस्यमा तुलसी बराल, मैयाँ सिग्देल पराजुली, मिना कुवँर, मिना क्षेत्री, उमा देवी बाँस्तोला, बसन्ती कुमाल, जीवन बराल, शान्ति देवी सिग्देल, पवित्रा केसी नारायणी सुवेदी, गायत्री पराजुली, सिता बस्ताकोटी, हिरामोती ढकाल, पार्वती गौतम, माया भट्टराई रहनुभएको छ। समितीको सल्लाहकारमा गिरा कोइराला, सावित्रा कोइराला, दुर्गा बाँस्तोला, दुर्गा अधिकारी, मुना बाँस्तोला, कानुनी सल्लाहकारमा गिता आचार्य र सुश्मा पौडेल रहनुभएको छ । समितिले वैदिक सनातन धर्म संस्कार र संस्कृतिको विषयमा विभिन्न कार्यक्रम गर्दै युवा पुस्तालाई जागरुप गराउँदै अगाडी बढ्ने नवनिर्वाचित अध्यक्ष मिरा आचार्यले जानकारी दिनुभयो ।